# अर्जुनधारा नगरपालिका

## नगरकार्यपालिकाको कार्यालय

शनिश्चरे, झापा

कोशी प्रदेश, नेपाल

## आन्तरिक आयको बोलपत्र/ शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशितमिति : २०८१/०२/३०**

आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) कार्यविधि २०७५ अनुसार यस अर्जुनधारा नगरपालिकाको आगामी आ.व.२०८१/०८२ का लागि आन्तरिक आय संकलन गर्न निम्न शीर्षकहरु अनुसारका आयमा राजस्व परामर्श समितिको सिफारिस तथा नगरकार्यपालिकाको निर्णयानुसार ठेक्का लिन चाहनुहुने योग्य फर्म /संस्थाहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र यस कार्यालयबाट बोलपत्र/शिलबन्दी दरभाउपत्र फारम खरिद गरी १६औँ दिनको १२:००बजेभित्र शिलबन्दी गरी लाहाछाप लगाई पेश गर्नहुन सम्बन्धित सबैमा यो सूचना प्रकासन गरिएको छ।

तपसिल

| क्र. सं | ठे.न | ठेक्काको शीर्षक | आ.व. २०८१/०८२ का लागि प्राप्त न्युनतम अंकभ्याट बाहेक | बोलपत्र / शिलबन्दी दरभाउपत्र फारम दस्तुर | बोलपत्र खरिद गर्ने अन्तिम मिति | बोलपत्र दाखिला गर्ने अन्तिम मिति | बोलपत्र फारम खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | AM/IR/20 080/081 | आईतबारे बजार पशु चौपाय विक्री कर र साप्ताहिक हाट बजार कर ( भिटौरी सहित) खुदुनाबारी | ४५०००००/- -पैतालिस लाख मात्र _ | ३०००।०० | | | |
| २ | AM/IR/21 080/081 | बजार ठेक्का ( खसी , बाख्रा, शनिश्चरे साप्ताहिक हाट बजार ,कोला बजार, गोसहाटशनिश्चरे ) | ५५०००००/- -पाँच लाख पचास हजार मात्र_ | १०००।०० | २०८१/०३/१२ दिनको ५:००बजे सम्म | २०८१/०३/ १३ दिनको १२:००बजे सम्म | २०८१/० ३/१३ दिनको २:००बजे पछि |
| ३ | AM/IR/22 080/081 | विज्ञापन कर | २२०००१ /- - दुई लाख विस हजार एक रुपैया मात्र_ | १०००।०० | | | |

२०८१/२/३०

प्रमुख प्रशासकीय अधिकृत

website: www.arjundharamun.gov.np E-mail: arjundharamun@gmail.com info@arjundharamun.gov.np

Phone No: 023465502

शर्तहरु

1. खरिद भएका बोलपत्र/शिलबन्दी दरभाउपत्र फारम पेश गर्दा यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का नम्बर, ठेक्का शीर्षक, बोलपत्र/शिलबन्दी दरभाउपत्र दाताको फर्मको नाम, फर्मको आधिकारीक व्यक्तिको नाम, थर र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई आधिकारिक व्यक्तिले दस्तखत गरी सिलबन्दी लाहा छाप गरी पेश गर्नुपर्नेछ ।

2. कार्यालयबाट बोलपत्र/शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्दा फर्म इजाजत पत्र, VAT दर्ता प्रमाण पत्र र आ.व २०७९/०८० को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राखी तोकिएको रकम नगदै ( पछि फिर्ता नहुने गरी ) वुझाई माथि उल्लेखित मिति भित्रअर्जुनधारा नगरकार्यपालिका कार्यालय तथा अर्जुनधारा नगरपालिकाका वडा नं ३, ८ र कार्यालय बाट खरिद तथा नगरकार्यपालिकाको कार्यालयमा दाखिला गर्न सकिनेछ।

3. बोलपत्र फाराम अलग अलग ठेक्काको लागि छुट्टाछुट्टै रुपमा खरिद गर्नुपर्नेछ र एउटा फर्मलाई एउटा ठेक्काको लागि एउटा मात्र फाराम खरिद गर्न दिइने छ । जसको नाममा फाराम खरिद गरिएको हो सोही फर्मको नाममा मात्र बोलपत्र/शिलबन्दी दरभाउपत्र दाखिला गर्नुपर्नेछ ।

4. बोलपत्र/ शिलबन्दी दरभाउपत्र फाराममा उल्लेखित कवोल अंकको स्वदेशी नागरिक भए ५ प्रतिशत तथा विदेशी नागरिक भए १० प्रतिशत जमानत रकम यस कार्यालयको एनआइसी एसिया बैक लि. शनिश्चरे स्थित धरौटी खाता नं.००९२०५०५११२५८०१८ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर धरौटी रकम प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै रुपमा समावेश गर्नु पर्नेछ । धरौटी जम्मा गरेको भौचरको पछाडि धरौटी जम्मा गर्ने फर्मको नाम तथा कुन शीर्षकको धरौटी हो, सो स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

5. वोलपत्र/शिलबन्दी दरभाउपत्र फाराम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।साथै उल्लेखित ठेक्काको दररेट कार्यालयबाट उपलब्ध गराइने बोलपत्र/दरभाउपत्र साथ सलग्न रहने छ।

6. ठेक्का कबोल रकम एकमुष्ठ बुझाएमा VAT बाहेकको कबोल अंकमा १० (दश) प्रतिशत छुट दिइने छ तर ठेक्का रकम किस्ताबन्दी गरी बुझाउन चाहेमा यस कार्यालयको नाममा मान्यता प्राप्त बैंकबाट जारी गरिएको २०८२ श्रावण मसान्तसम्म अवधी भएको बैंक ग्यारेन्टी (परफरमेन्स बण्ड) पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी चलानपूर्जि दिइने छ ।

7. यससंग सम्बन्धित अन्य कुराहरु प्रचलित कानुन अनुसार हुनेछ ।

8. ठेक्का स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार नगरपालिकामा 'निहित हुनेछ । विस्तृत जानकारीका लागि नगरपालिका वा फोन न. ०२३-५९७००२ सम्पर्क गर्नुहोला ।

२०८१।२।३०

तिलोचन रिमाल

(प्रमुख प्रशासकीय अधिकृत)

तिलोचन रिमाल
प्रमुख प्रशासकीय अधिकृत

website: www.arjundharamun.gov.np E-mail: arjundharamun@gmail.com Phone No: 023597002
info@arjundharamun.gov.np